रामेछाप जिल्ला अदालत
मन्थली

## रामेछाप जिल्ला अदालतबाट जारी गरिएको सूचना

रामेछाप जिल्ला प्रशासन कार्यालय रामेछापको मिति २०७८।३।१ मा बसेको जिल्ला स्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) बैठकले मिति २०७८।३।९ गते सम्म आंशिक रूपमा विभिन्न सार्वजनिक निकायहरूले आ-आफ्नो कार्यको कोभिडको सुरक्षा अपनाउदै अगाडि बढाउने भन्ने निर्णय भए बमोजिम यस अदालतबाट निषेधाज्ञाको अवधिमा प्रदान गरिएका सेवाहरूमा मिति २०७८।३।६ गते देखि अर्को निर्णय नभएसम्म देहाय बमोजिमका सेवाहरू थप गर्ने निर्णय भएको व्यहोरा सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### संचालन गरिने सेवाहरुः-

१. सरकारवादी फौजदारी मुद्दामा अभियोग पत्र साथ पेश भएका प्रतिवादीहरूको फरारी प्रतिवादी पक्राउ गरी आएको मुद्दामा थुनछेक गर्ने .

२. प्रमाण मुकरर भै सकेका, प्रतिवादी पुर्पक्षको निमित थुनामा रहेका मुद्दामा प्रतिवादीको कानुन व्यवसायी सुनुवाईको क्रममा इजलासमा उपस्थित भएको वा प्रतिवादीले कानुन व्यवसायी मुकरर नगरी वैतनिक कानुन व्यवसायीबाट प्रति रक्षा हुने मुद्दाहरूको सुनुवाई गर्ने,

३. दुनियावादी देवानी मुद्दाहरू र दुनियावादी फौजदारी मुद्दाहरूको मिलापत्र र फिर्ता लिने कार्य गर्ने,

४. सरकारवादी फौजदारी मुद्दामा पुर्पक्षको लागि थुनामा रहेका प्रतिवादीको हकमा निजलाई कानुन बमोजिम हुन सक्ने सजाय भन्दा बढी समय थुनामा रहन सक्ने प्रकृतिका मुद्दाहरूको सुनुवाई गर्ने,

५. कानुन बमोजिम लागेको जरिवानाको रकम बुझाउन आएमा बुझिलिने .

६. वारेसमार्फत वा एक जना व्यक्तिमात्र आफै उपस्थित भई दुनियावादी फौजदारी मुद्दा र देवानी मुद्दा दर्ता गर्न आएमा दर्ता गरिदिने .

७. अधिकृत वारेसनामा र दर्ताद्वारा गरिने विवाहको कार्य गर्ने .

८. देवानी र दुनियावादी फौजदारी मुद्दाहरूमा पक्षहरू उपस्थित भएमा प्रमाण मुकरर गर्ने,

९. प्रमाण मुकरर भै सकेका एकतर्फी देवानी तथा दुनियावादी फौजदारी मुद्दाहरूको सुनुवाई गर्ने,

१०. पक्ष हाजिर भएका मुद्दाहरूमा प्रमाण मुकररको कार्य गर्ने .

- ❖ मिति २०७८।१।२१ गते देखि निषेधाज्ञा लागु रहँदा सम्ममा तारेखमा रहेका मुद्दाको पक्षहरूको तारेख सो अवधिमा तारेख लिन नसकेका कारणले नगुज्रने र निषेधाज्ञा हटेको अर्को दिन नियमानुसार आफ्नो तारेख लिन पाउने ।
- ❖ अदालतले २०७८।१।२१ गते देखि निषेधाज्ञा कायम रहेसम्म आफ्नो काम संकुचन गरेको समयमा कसैको हद म्याद जाने रहेछ भने सो हदम्याद नगई निषेधाज्ञा खुलेको भोलिपल्ट कानून बमोजिम गर्नु पर्ने कार्य गर्ने ।

०७८।३।२

उप-सचिव